आज मिति २०७९ आषाढ ८ गते वुधवारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगरकार्यपालिकाको ८४ औं वैठक वसी देहाय वमोजिमको निर्णयहरु पारित गरियो ।

| क्र.स | पद | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री मुरारी तामाङ | | |
| ३ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री शंकरराज पाठक | | |
| ४ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | |
| ५ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (२) | | |
| ६ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (४) | | |
| ८ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ९ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री रमेश खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १३ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १४ | वडा अध्यक्ष | श्री घनश्याम खड्का | | |
| १५ | न.का.स | श्री सुनिता श्रेष्ठ परियार नेपाली | | |
| १६ | न.का.स | श्री सायरा परियार | | |
| १७ | न.का.स | श्री जगतमाया प्रजापती महर्जन | | |
| १८ | न.का.स | श्री लिलादेवी अधिकारी | | |
| १९ | न.का.स | श्री शान्ता राई | | |
| २० | न.का.स. | श्री प्रेम कुमार सुनुवार | | |
| २१ | न.का.स | श्री सरिता घले | | |
| २२ | न.का.स | श्री वच्चुराज वस्याल | | |

२३ का.वा अध्यक्ष मध्यपुर ठिमी नगरपालिका वडा ११

**निर्णयहरु-**

१. नगर कार्यपालिकाको ८३ औं बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको वारेमा छलफल तथा समिक्षा गरियो ।

२. नगरसभाको ११ औँ अधिबेशनमा संलग्न गरिएका तपशिल वमोजिमका विवरणहरु पेश गर्ने ।
   क. टोखा नगरपालिकाको आगामी आ.ब. २०७९/८० को लागि प्रस्तावित नीति तथा कार्यक्रम
   ख. टोखा नगरपालिकाको आगामी आ.ब. २०७९/८० को लागि स्वीकृत राजस्व र व्ययको अनुमान
   ग. टोखा नगरपालिकाको आगामी आ.ब. २०७९/८० को विनियोजन विधेयक तथा आर्थिक विधेयक

३. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको मिति २०७९/२/२७, च.नं. १६४० को पत्रानुसार भूउपयोग कार्यक्रम संचालन नहुन्जेलसम्म भूउपयोग ऐन,२०७६ र भूउपयोग नियमावली, २०७९ मा भएको व्यवस्थालाई कार्यान्वयन गर्न नगरपालिका भित्र रहेको भूमिको वर्गीकरण गर्ने प्रयोजनको लागि सम्वन्धित वडा कार्यालयले स्थलगत सर्जमिन गरी कृषि र गैह्रकृषि क्षेत्र निर्धारण गरी वडा समितिको निर्णय सहित सिफारिस प्राप्त भएपछि भूउपयोग परिषद् वाट निर्णय गर्ने ।

४. तपशिल बमोजिमका व्यावसायीहरुलाई टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने ।
   क. आर.ए.एस.एस. ईन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि., टोखा-५
   ख. के.पि.टि. ईन्जिनियर्स एण्ड बिल्डसी प्रा.लि, टोखा-१०
   ग. कृष्ण वैष्णवी निर्माण सेवा प्रा.लि., टोखा-१०
   घ. आर.एन. निर्माण सेवा, टोखा-१०
   ङ. कालिकोटे निर्माण सेवा, टोखा-१०
   च. माईलस्टोन बिल्डर्स एण्ड ईन्जिनियरिङ्ग प्रा.लि, टोखा-३
   छ. चपुर निर्माण सेवा प्रा.लि., टोखा-४
   ज. डायमण्ड कन्स्ट्रक्सन, टोखा-८
   झ. विश्वरुपमा रियल स्टेट एण्ड कन्स्ट्रक्सन प्रा.लि., टोखा-९
   ञ. प्रविधि ईन्जिनियरिङ सोलुसन प्रा.लि., टोखा-८
   ट. जेमस्टोन्स ईन्जिनियरिङ प्रा.लि., टोखा-८
   ठ. सत्यशिला कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., टोखा-९

५. तपशिल बमोजिमका कार्यविधिहरु स्विकृत गर्ने ।
   क. टोखा नगरपालिकाको ज्येष्ठ नागरिक परिचयपत्र वितरण तथा ज्येष्ठ नागरिक कल्याण कार्यविधि , २०७९
   ख. टोखा नगरपालिका वाल कोष (स्थापना र संचालन) कार्यविधि, २०७९

ग. टोखा नगरपालिका मेलमिलाप केन्द्र गठन तथा संचालन सम्बन्धी कार्यविधि, २०७९

घ. टोखा नगरपालिकाको छात्रवृत्ति कोष संचालन कार्यविधि, २०७९

६. टोखा नगरपालिका वडा नं. ६ हात्तिचोक स्थित वडा कार्यालयको भवनसंगै ठेक्का मार्फत निर्माण हुन
लागेको व्याडमिन्टन कोर्ट निर्माण कार्य तत्काल रोक्नको लागि स्थानीय बासीन्दाको माग बमोजिम वडा
कार्यालयवाट सिफारिस भई आएकोले उक्त निर्माण कार्य तत्काल रोकी ठेक्का सम्झौता रद्ध गर्ने।

७. २ नं. वडा कार्यालयको मिति २०७९-२-१९, च.नं.३५४० को पत्रानुसार चण्डेश्वरी मूल सडक देखि
वटुली मन्दिर जाने वाटो मापदण्ड अनुसार ६ मिटर (२० फिट) भएको र उक्त स्थानका वासिन्दा,
जग्गाधनी लगायत सरोकारवालाहरुको भेलावाट ६ मिटरको आवश्यकता नभएको हुदाँ १३ फिट मात्र
कायमको लागि माग भई आएको भनि वडा कार्यालयवाट १३ फिट चौडाई कायम गर्न सिफारिस भई
आएकोले उक्त **चण्डेश्वरी मूल सडक देखि संकटा वटुली मन्दिर जाने बाटो** को चौडाई १३ फिट
कायम गर्ने।

८. टोखा नगरपालिका वडा नं. १० स्थित वीच विनायक र विनायक टोल पूर्ण रुपमा डुवान क्षेत्र भएको,
उक्त स्थानमा ढल, पानी, वाटो र मुख्य डुवान निकासको लागि साविक गोंगवुँ वडा नं. ५ सिट नं. १०२-
०९८५-१५ कि.नं. ३२८ को शिवराज मानन्धरको नाममा रहेको जग्गा प्रयोग गर्नु वाहेक अरु कुनै
विकल्प नदेखिएकोले उक्त किता जग्गा मध्ये ०-२-०-० ( २ आना) जग्गा प्राप्ति ऐन,२०३४ वमोजिम
प्राप्तिको लागि प्रकृया अगाडि वढाउने।

९. टोखा नगरपालिकाको कार्यालयवाट तयार गरिएको **हाम्रो टोखा** नामक स्थानीय पाठ्यक्रमलाई टोखा
नगरपालिका भित्रका सम्पूर्ण विद्यालयहरुमा आधारभूत तहमा शैक्षिक सत्र २०७९ देखि अनिवार्य
रुपमा लागू गर्ने गरी स्वीकृत गर्ने।

१०.टोखा नगरपालिका वडा नं. १ मा रहेको बौंडेश्वर मा.वि.मा रिक्त रहेको मा.वि.तृतीय श्रेणी नेपाली
विषयको दरवन्दीलाई शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७६ को प्रावधान
अनुसार झोरमहाँकाल मा.वि.मा मिलान गर्ने।

११.७९ औं नगरकार्यपालिका वैठकको नि.नं. ६ मा भएको निर्णयानुसार टोखा नगरपालिकामा कार्यरत नगर
प्रहरीहरुलाई मिति २०७८ चैत्र महिना देखि नेपाल प्रहरीको नर्म्स अनुसार प्रतिदिन रु २०१/- ( दुई सय
एक मात्र) रासन भत्ता उपलब्ध गराउने।

१२.संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७/४/१, च.नं. १२ को पत्रको आधारमा
लोक सेवा आंयोगबाट सिफारिस भई आएका स्थानीय सेवाका कर्मचारी र साविक स्थानीय तहका
स्थायी कर्मचारीहरुको लागि कार्य सम्पादन मूल्याङ्कनको लाई तोकिएको (नमूना ) ढाँचा वमोजिमको
फारम स्वीकृत गरी सोहि अनुसार कार्यसम्पादन मूल्याङ्कन फारम भर्ने व्यवस्था मिलाउने।

१३.हाल बर्षातको कारण नगरपालिकाका विभिन्न सडकहरु खाल्डाखुल्डी भई सवारी आवागमन तथा
पैदल यात्रीलाई समेत असहजता भएकोले वडा कार्यालयको सिफारिस अनुसार उक्त स्थानहरुमा

तत्काल आवत जावतलाई सहज वनाउन नवौं नगरसभाको सि.नं. २०९ मा विनियोजित रकम मध्ये वाँकी रकमवाट सडक ग्राभेल गर्ने।

१४. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ बमोजिम स्थानीय राजस्व परामर्श समितिमा कार्यपालिकाका सदस्यमध्येवाट एक जना महिला सहित २ जना सदस्य रहने व्यवस्था रहेकोले तपशिल बमोजिमका सदस्यहरुलाई उक्त समितिको सदस्य तोक्ने निर्णयलाई अनुमोदन गर्ने।

क. रामभक्त घिमिरे

ख. शान्ता राई

१५.घ वर्गको निर्माण व्यावसायी ईजाजत पत्र प्रदान गर्ने प्रकृया अर्को व्यवस्था नभए सम्मको लागि वन्द गर्ने।